बकैया गाउँकार्यपालिकाको मिति २०७७।०३।०९ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

१. आर्थिक वर्ष २०७७/७८ को नीति, कार्यक्रम तथा बजेट स्वीकृत सम्बन्धमा ।

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिका बजेट तथा कार्यक्रम तर्जुमा समितीले पेश गरेको आ.व. २०७७।७८ को वार्षिक नीति तथा कार्यक्रम, आयको अनुमान स्वीकृत गर्दै आगामी गाँउसभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

२. बकैया गाउँपालिकाको आर्थिक ऐन, २०७७ पारित सम्बन्धमा :-

प्रस्तुत विषयमा छलफल गर्दा बकैया गाउँपालिकाको आर्थिक वर्ष २०७७।७८ को बजेट तर्जुमा गर्न गठन भएको बजेट तथा कार्यक्रम तर्जुमा समितिले तयार गरी पेश गरेको बकैया गाउँपालिकाको आर्थिक ऐन, २०७७ गरी छलफलका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

३. बकैया गाउँपालिकाको विनियोजन ऐन, २०७७ पारित सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा बकैया गाउँपालिकाको आर्थिक वर्ष २०७७।७८ को बजेट तर्जुमा गर्न गठन भएको बजेट तथा कार्यक्रम तर्जुमा समितिले तयार गरी पेश गरेको बकैया गाउँपालिकाको विनियोजन ऐन, २०७७ छलफलका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

४. वडागत योजना स्वीकृत सम्बन्धमा ।

प्रस्तुत विषयमा छलफल गर्दा बकैया गाँउ कार्यपालिकाले तोकेको वडागत बजेट सिलिङको अधिनमा रहि तथा गाँउ कार्यपालिकाले तोकेको योजना प्राथमिकताको आधार तथा मार्गदर्शनलाई अनुशरण गरी टोल भेलाबाट माग भएका योजनाहरुमध्य वडा समितीको बैठकले प्राथमिकीकरण गरी मिति २०७७।०३।०७ गते गाउँपालिकामा पेश गर्नका लागि समय उपलब्ध गराईएकोमा हालसम्म पनि योजनाहरु प्राप्त नभएकोमा आगामी कार्यपालिका बैठकसम्ममा अनिवार्य उपलब्ध गराउनका लागि समय उपलब्ध गराउने निर्णय गरियो ।

५. बकैया गाउँपालिकाको बालबालिका सम्बन्धी नीति तथा कार्यविधिहरु स्वीकृत सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा बालबालिकाहरुको सर्वोपरी विकासबाट मात्र गाउँपालिकाको समग्र विकास गर्ने भन्ने तथ्यलाई आत्मसात गर्दै गाउँपालिकामा विकासका गतिविधिहरु सञ्चालन गर्न तथा यस गाउँपालिकालाई आगामी आर्थिक वर्ष २०७७।०७८ भित्रमा बालमैत्री स्थानीय शासन भएको गाउँपालिका घोषणा गर्ने अभियानलाई सफल गराउनका लागि "बकैया गाउँपालिकाको बालबालिका सम्बन्धि नीति, २०७७"; "बालमैत्री स्थानीय शासन तथा बालअधिकार संरक्षण कार्यविधि, २०७७" तथा "बालकोष संचालन कार्यविधि, २०७७" स्वीकृत गर्दै गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

दामोदर खनाल
अध्यक्ष

बकैया गाउँकार्यपालिकाको कार्यालय
बागमती प्रदेश, नेपाल



Scanned with CamScanner